मिति २०७५/०६/१५

बैठक संख्या ३४

आज मिति २०७५ साल आश्विन १५ गते सोमबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार राणाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | | |
|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री नवराम दुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १७ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| १८ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| १९ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २० | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री राधाकृष्ण खतिवडा | सदस्य सचिव | |
| २२ | शाखा अधिकृत | श्री पुण्यप्रसाद दाहाल | आमन्त्रित | |
| २३ | वरिष्ठ कार्यक्रम अधिकृत | श्री हिमराज सेडाई | " | |

२४. स्वकीय सचिव (न.प्र.) श्री गजेन्द्र खनाल

२५. खरिदार श्री सौजन कटुवाल

मिति २०७५/०६/१५

बैठक संख्या ३४

मिति २०७५/०६/१५ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:

१.दशैं,तिहार छठ पर्व जस्ता आउँदै गरेका चाडपर्वलाई मध्यनगर गर्दै शान्ति सुरक्षा समितिबाट सिफारिस
भई आए अनुसार चाडपर्वको नगरवासीलाई शुभकामना दिदैं,चाडपर्वको समयमा अपनाउनु पर्ने सावधानी
बारे सन्देश मूलक जानकारीहरु प्रकाशन प्रशारण गर्ने र उक्त अवधि भित्र नगरक्षेत्र भित्रका होटल
व्यवसायहरु रात्रिको ९ बजे सम्म मात्र सञ्चालन हुने व्यवस्था मिलाउने ।

२.नगरक्षेत्रको जनघनत्व अनुरुप शनिश्चरे प्रहरी चौकीमा हाल मौजुदा प्रहरी जनशक्ति अपर्याप्त
हुने देखिएकाले उक्त प्रहरी चौकीमा जनशक्ति थप गर्न जिल्ला सुरक्षा समितिमा अनुरोध गर्ने ।

३.वडा नं. ४ निवासी श्री प्रदीप खड्कालाई औषधोपचार सहयोग बापत रु १०,०००/- (दश
हजार मात्र) ,वडा नं. २ निवासी श्री प्रभा लाम्गादे लाई रु १०,०००/- र वडा नं. ८ निवासी श्री प्रेम
बुढाथोकीलाई रु ४,०००/- औषधोपचार सहयोग उपलब्ध गराउने ।

४.आगामी कार्तिक ४ गते बडादशैंको द्वादशीको दिन नगरपालिका क्षेत्र भित्र स्थानीय विदा दिने ।

५.वडा नं. १ को माटे गाउँ छेउ खेलमैदान दक्षिण स्थित सिद्धेश्वरी गंगा माताको मन्दिर
जिर्णोद्धार गर्न मर्मत सम्भार कोषबाट रु ५ लाख विनियोजन गर्ने ।,प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेको
क्यान्टिन तथा क्लिनिक मर्मत गर्न ८०-२०।को साझेदारीमा लगत स्टमेट अनुसार हुन आउने रकम
विनियोजन गर्ने ।,बर्दुवाल साठिमुरे जोड्ने सडक कटान नियन्त्रण गर्न बडा नं. २ को मर्मत सम्भार
कोषबाट लगत स्टमेट अनुसार आवश्यक रकम विनियोजन गर्ने ।साथै,वडा नं. ४ स्थित श्री दुर्गा शक्ति
समाज कल्याण संघ ज्येष्ठ नागरिक मिलन केन्द्रको भवनको छाना निर्माण गर्न मर्मत सम्भार कोषबाट रु
५ लाख विनियोजन गर्ने ।

६.नगर प्रमुख तथा उप प्रमुखज्यका नियुक्त स्वकीय सचिव तथा नगर प्रमुख ज्यूका प्रेस
सल्लाहकारलाई प्रचलित चाडपर्व खर्च तथा पोसाक खर्च उपलब्ध गराउने ।

७.वडा नं. ७ का नगर सभा सदस्य श्री ऐतराज नेम्बाङ्गकी सुपुत्री विनिता नेम्बाङ्गको मिति
२०७५/०६/१२ गते अल्पायु मै भएको असामयिक निधन प्रति गहिरो समवेदना व्यक्त गर्दै शोक प्रस्ताव
गर्ने ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल

१७/०७/२०७५

नगर प्रमुख